लुम्बिनी प्रदेश सरकार
शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय रुपन्देही
सिद्धार्थनगर, भैरहवा

Website QR

email:-widd6.rupandehi@gmail.co
Phone:- 071-571201,570238

सूचना! सूचना!! सूचना!!!

अतिक्रमण गरी बनाइएका अस्थायी संरचना (घर/टहरा) हटाउने सम्बन्धि सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०७/१६

यस कार्यालय अन्तर्गत पर्ने मर्चवार सिँचाइ प्रणालीको मुल नहर, शाखा नहर तथा सिँचाइ संरचनाहरुको दायाँ-बाँया तोकिएको क्षेत्र (Right of Way) भित्र विभिन्न व्यक्ति वा समुहले अनुमति बिना अनधिकृत रुपमा अस्थायी घर, टहरा, पसल तथा अन्य संरचना निर्माण गर्ने, नहर तथा कुलोको डिलमा घाँस तथा बोटविरुवा लगाउने लगायतका कार्य गरी नहर क्षेत्र अतिक्रमण गरेको पाइएको छ । यस्तो कार्य जलस्रोत ऐन, २०४९ तथा सिँचाइ नियमावली, २०५६ बमोजिम दण्डनीय रहेको बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

यसरी सिँचाइ नहर तथा कुलोको क्षेत्रभित्र अतिक्रमण गरी संरचनाहरु निर्माण गर्दा नहर संरचनाको पूनर्निर्माण, नहर सञ्चालन, मर्मत सम्भार, सरसफाई तथा पानी वितरण कार्यमा गम्भीर अवरोध पुग्न गएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त नहर क्षेत्र भित्र अनधिकृत रुपमा निर्माण गरिएका सम्पूर्ण अस्थायी घर टहरा तथा अन्य संरचनाहरु सम्बन्धित व्यक्ति आफैले हटाउनुहुन अनुरोध गरिन्छ । उक्त अवधिभित्र अतिक्रमण कार्य नहटाइएको पाइएमा कानुन बमोजिम कारबाही गरिने बेहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ ।

.....
(भेषराज भुसाल)
डिभिजन प्रमुख